Vangmaya
Vol. 20, No. 1: 23-34, July 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v20i01.68207

# *गेस्टापो* उपन्यासमा अभिघात

**डा. रजनी ढकाल**

## लेखसार

*प्रस्तुत अध्ययन 'गेस्टापो' उपन्यासमा चित्रित मनोशारीरिक चोट अर्थात् अभिघातको विश्लेषणमा केन्द्रित छ । कृष्ण धरावासीको 'गेस्टापो' उपन्यासमा विश्वयुद्धको विभीषिका र त्यसबाट पीडित युरोपेली समाजको चित्रण छ । दोस्रो विश्वयुद्धको आघातका केन्द्रमा लेखिएको यस उपन्यासको विषय र चरित्रमा अभिघातपरक प्रस्तुति छ । पाठपरक विश्लेषणविधिमा लेखिएको यस लेखमा अभिघातको अध्ययनका लागि उपन्यासमा अभिघातको प्रतिनिधित्व र अभिघातको अवस्था तथा प्रभावका आधारमा 'गेस्टापो' उपन्यासको विषयगत सन्दर्भ र पात्रका मनोदशाको विश्लेषण गरिएको छ । दोस्रो विश्वयुद्धमा हिटलरको अहंका कारण जातीय संहार गरिएका यहुदीको अवस्था, युद्धको समय र युद्धपछिको जर्मन समाज र त्यहाँका नागरिकको विदीर्ण मानसिकता यस उपन्यासको मूल कथ्य सन्दर्भ हो । यस उपन्यासमा युद्धले सिर्जना गरेका हिंसाका अनेक रूप चित्रित छन् । प्रस्तुत अध्ययनमा युद्धका कारण चोटग्रस्त भएको मन र शरीरको अनेक अभिघातलाई चिनाउने क्रममा उपन्यासका समाख्याता हैम्बर्ग पात्रलगायत युद्धले प्रत्यक्ष प्रभाव पारेका पात्रहरूको मनोशारीरिक चोटको विश्लेषण गर्दै ती आघातले पात्रका जीवनमा उत्पन्न भएको असामान्यता, विसङ्गत अवस्था र निराशाको विश्लेषण गरिएको छ । उपन्यासका घटना तथा पात्रहरूको मनोशारीरिक अवस्थाको अध्ययनबाट युद्ध मानव जीवनका लागि आघातपूर्ण, भयावह र निराशाजनक नै हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** आमहत्या, नरसंहार, मानसिक आघात, मनोशारीरिक अवस्था, विश्वयुद्ध ।

## १. विषयपरिचय

कृष्ण धरावासीको *गेस्टापो* (२०७०) दोस्रो विश्वयुद्धको विभीषिकाले मानवजीवनमा पारेको गहिरो चोट अर्थात् अभिघातमा केन्द्रित उपन्यास हो । नरसंहार र आमहत्याका सन्दर्भसँगै दोस्रो विश्वयुद्धले गरेको भौतिक विनाशको चित्रण र त्यसले जर्मन नागरिकमा पुगेको अभिघातपूर्ण र अस्तव्यस्त जीवनशैलीको प्रस्तुति यस उपन्यासमा रहेको छ । यस उपन्यासले युद्धबाट मानिसमा पुगेको दीर्घकालीन चोटको चित्रण गरी अमानवीय, हिंस्रक र क्रूर प्रवृत्तिको विरोध गरेको छ । युद्धका कारण मानिसमा वियोग, पीडा, वेदना र अनेक समस्याले उत्पन्न भएको गहिरो शारीरिक तथा मानसिक चोट अभिघात हो । मानवको अस्तित्वलाई सङ्कटमा पार्ने युद्धका कारण मानिसमा परेका शारीरिक तथा मानसिक चोट सबैभन्दा घातक र दीर्घ प्रभावी हुन्छन् । *गेस्टापो* उपन्यासमा दोस्रो विश्वयुद्धमा जर्मनीमा नरसंहार गर्ने मूल व्यक्ति, त्यस युद्धमा होमिएका मानिस तथा युद्धबाट प्रभावित भएका मानिसका अवस्था र तिनका अनेक मनोशारीरिक जटिलता चित्रित छन् । प्रस्तुत अध्ययन युद्धका कारण उपन्यासका पात्रमा सिर्जित मनोशारीरिक चोट वा अभिघात कस्तो रहेको छ र उनीहरूको जीवन कसरी चोटपूर्ण हुन पुगेको छ भन्ने मूल समस्यामा केन्द्रित भई मानिसमा सिर्जित अभिघातको अध्ययन गर्ने मूल उद्देश्यमा केन्द्रित छ । प्रस्तुत अध्ययनमा *गेस्टापो* उपन्यासमा केन्द्रित हिटलरको नाजी शासनव्यवस्था रहेको जर्मनीको राजनीतिक, सांस्कृतिक,

धार्मिक तथा जातीय द्वन्द्वले मानवीय अस्तित्वलाई धरापमा पारेको स्थितिको विश्लेषण गरिएको छ । पहिलो विश्वयुद्ध हुँदै दोस्रो विश्वयुद्धका कारण तहसनहस भएको जर्मनीको अवस्था र युद्धले गरेको नरसंहार र आमहत्या गर्ने र भोग्ने मानिसको अभिघातीत मनोदशाका केन्द्रमा रहेर पूर्वअध्ययन नभएका अवस्थामा प्रस्तुत अध्ययनको औचित्य स्थापित हुन्छ । यस अध्ययनमा उपन्यासमा दोस्रो विश्वयुद्धको प्रतिनिधित्व र उपन्यासका पात्रमा अभिघातको लक्षण र प्रभावको खोजी गर्दै तिनमा पाइएका तथ्यका आधारमा यस उपन्यासको अभिघातपरक विश्लेषण गरी विश्वयुद्धले जर्मन नागरिकमा भयावह जीवन बाँच्न र अनाहकमा मारिन बाध्यात्मक परिस्थितिको निर्माण गरेको निष्कर्ष निकालिएको छ ।

## २. अध्ययनविधि

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्य पूरा गर्न कृष्ण धरावासीको *गेस्टापो* उपन्यासमा व्यक्त भएको अभिघातीय प्रतिनिधित्व, अभिघातको अवस्था र प्रभावलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीबाट प्राप्त भएका तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि अभिघातका विषयमा केथी कारुथ, डोमिनिक लाकाप्रा, इर्ने काकान्देसका अभिघातसम्बन्धी सैद्धान्तिक मान्यताको विश्लेषण गरिएका अन्य सैद्धान्तिक र प्रायोगिक ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यी सामग्रीको उपयोग गरी *गेस्टापो* उपन्यासमा अभिव्यक्त अभिघातको विश्लेषणका लागि अभिघातीय प्रतिनिधित्व, अभिघातको अवस्था र प्रभाव गरी दुई ओटा पर्याधारका आधारमा पाठविश्लेषण विधिबाट उपन्यासको अर्थापन गरिएको छ ।

## ३. अभिघातको सैद्धान्तिक आधार

अभिघातको अर्थ मनोशारीरिक चोट हो । अङ्ग्रेजीको 'ट्रमा' ग्रिसेली भाषाबाट बनेको शब्द हो र यसको ग्रिसेली अर्थ घाउ, क्षति वा पराजय हो (हाउब्रिक, सन् २००३, पृ. २४५) । अङ्ग्रेजी र अन्य युरोपेली भाषाहरूमा शताब्दीयौँसम्म यही अर्थमा प्रस्तुत शब्दको प्रयोग भएको पाइन्छ (काकान्देस, सन् २००५, पृ. ६१५) तापनि यसको अर्थमा बिस्तारै परिवर्तन हुँदै गएको छ । उन्नाइसौँ शताब्दीका उत्तरार्द्धमा फ्रान्स र केन्द्रीय युरोपका चिकित्सक जिन मार्टिन चार्कोट पियरे जेनिट, सिग्मन्ड फ्रायड, जेसेफ ब्रेउरले चरम मानसिक समस्या (हिस्टेरिया) मा परेका महिलाको अध्ययन गरेर यसको मनोवैज्ञानिक पक्षलाई खोतल्ने कार्य गरे (काकान्देस, सन् २००५, पृ. ६१५) । सन् १८९५ मा प्रकाशित *पपुलर साइन्स मन्थली*मा यसको अर्थ 'मनोवैज्ञानिक अभिघात, त्रासद स्नायुजन्य अवस्था' दिइएको छ (लकहर्स्ट, सन् २००६, पृ. ४९८) । यसरी सामान्य चोटपटकको अर्थबाट मानसिक चोटको अर्थमा परिवर्तन भएको अभिघात शब्दलाई उन्नाइसौँ शताब्दीको मध्यसम्म नै यही अर्थमा प्रयोग गरिएको पाइन्छ । उन्नाइसौँ शताब्दीको मध्यपछि मानव मनोविज्ञानको अध्ययन र खोजीले गति लिन थाल्यो । मानव मनका अवस्था, मनोरोग र तिनको स्थिति, हिस्टेरिया, डिप्रेसन र पागलपनले पनि प्राज्ञिक महत्त्व प्राप्त गरे र ज्ञानका यी क्षेत्र पनि शोध र अध्ययनका विषय बन्न थाले । सन् १८९३ मा जोसेफ ब्रेउर र सिग्मन्ड फ्रायडको *अन दि साइकिकल मेकानिजम् अफ हिस्टेरिकल फेनोमेना* प्रकाशित भएपछि मानव मनोविज्ञान अध्ययनको एउटा नयाँ द्वार खुल्यो र यसले ट्रमा अध्ययनको आधार पनि प्रदान गऱ्यो । त्यसयता अभिघातको परम्परागत अर्थमा परिवर्तन भएको छ। वर्तमानमा 'ट्रमा' भन्नाले भौतिक वा मानसिक रूपमा हुने कुनै प्रकारको पीडा भन्ने बुझिन्छ (हाउब्रिक, सन् २००३, पृ. २४५) । यसरी अभिघात शब्दले सबै प्रकारका शारीरिक र मानसिक आघातलाई बुझाउने गरेको छ । वास्तवमा अभिघात भनेको यातना, संवेग र मनोविज्ञानका कारण सिर्जित आघात हो र कतिपय अवस्थामा यो सांस्कृतिक र धार्मिक आघातका रूपमा समेत परिभाषित हुन्छ ।

युद्धअभिघातले सिर्जित समस्यालाई सैद्धान्तीकरण गर्ने क्रममा राष्ट्रहरूका बिचको राजनीतिक सम्बन्ध, पहिचान र अन्तर्राष्ट्रिय सम्बन्धका दृष्टिले समुदाय समुदायका एकता र वैमनस्यलाई हेर्ने काम गरेको छ । यस अर्थमा युद्धअभिघात वर्तमानको सांस्कृतिक राजनीति हो भने सन् १९९० पछिको मानवीय पीडाको अभिव्यक्ति, मानवअधिकार र न्याय तथा मानव अनुभूतिको प्रस्तुतिका रूपमा देखापर्दछ (लिज, सन् २०२२, पृ. ४) । वास्तवमा विश्वयुद्धको अभिघात सन् १९४५ र त्यसभन्दा अगाडिको विश्वकै तनावको निरन्तरता र हिंसात्मक द्वन्द्वको परिणति हो । यसले युरोप र युरोपसँग सम्बद्ध राष्ट्रहरूको जटिलता, विविधता, निरन्तरता र विच्छेदनका बिचमा सिर्जित ऐतिहासिक अभिघातलाई प्रस्तुत गरेको छ । अभिघातको चर्चा फ्रायडबाट सुरु भयो भने यसले बिस्तारै स्नायुविज्ञानको अध्ययनसमेत गर्न थाल्यो (गिरी, २०७५, पृ. ३३) । उन्नाइसौँ शताब्दीको अन्त्यतिर र त्यसपछिको प्रथम विश्वयुद्ध सैनिक बल र सैनिकहरूमा भएको भौतिक पीडाका कारण उत्पन्न आघातलाई औषधीविज्ञानका सन्दर्भबाट अध्ययन गर्ने क्रममा नै अभिघातका नयाँ अवधारणाहरू विकसित भए । सन् १९१४–१९१८ सम्म भएको पहिलो विश्वयुद्ध र युद्धमा भएका घाइतेहरूको भौतिक र मनोवैज्ञानिक अवस्थाको अध्ययनपछि उनीहरूका स्मृतिमा रहेका भिन्नता, पूर्वघटनाहरू र तिनका अनुभूति, तिनीहरूका स्वप्नस्मृति, उनीहरूको जीवनमा आएको आतङ्क, दमित मनोभावनाजस्ता विषयहरू युद्धअनुभवका रूपमा साहित्यमा व्यक्त हुन थाले । यसले अभिघातको साहित्यिक अभिव्यक्ति र शैलीको पनि निर्माण हुन थाल्यो । फ्रायडले यस्ता अभिव्यक्तिहरूको मनोवैज्ञानिक अध्ययनको विश्लेषण गर्दै त्यसको दार्शनिक सन्दर्भको समेत व्याख्याको कुरा उठाए र यौनआघातपछि मानिसमा हुने ग्रन्थिको आघातसम्बन्धी सिद्धान्त पनि प्रस्तुत गरे । बिसौँ शताब्दीको मध्यतिर यल सम्प्रदायले फ्रान्सेली दार्शनिक ज्याक डेरिडामा आधारित साहित्य अध्ययनको विखण्डनवादी सिद्धान्तको प्रयोग गरे (भट्टराई, २०६४, पृ. २३१) । यस सिद्धान्तको विकासमा केथी कारुथ, डोमिनिक लाकाप्रा, अविसायी मार्गलिट, गिर्गिओ एगेम्बेन, विना दास, सोसना फेलमेन, जेफ्री हार्टमैन, जेफ्री अलेक्जेन्डर, रोजर क्रुज आदिका सैद्धान्तिक मान्यताहरूको उपयोग भएको छ । फ्रायडको मनोविश्लेषण सिद्धान्तले प्रतिपादन गरेका मान्यताहरू र पछिल्ला विज्ञान र चिकित्साशास्त्र तथा वैज्ञानिक अध्ययनले विकास गरेका मान्यताहरूका आधारमा यी सिद्धान्तहरू निर्माण भएका छन् ।

केथी कारुथले मानिसका शारीरिक र मनोवैज्ञानिक दुवैखाले आघातलाई अभिघातको विषयका रूपमा लिएकी छन् र उनले मानसिक र शारीरिक घटनाका कारण अवचेतन मनमा पर्ने प्रभावको विश्लेषण पनि गरेकी छन् । अभिघातका कारण हुने मानसिक क्षति, त्यस क्षतिका कारण हुने सामाजिक अवस्था र सामूहिक पीडा र त्यो पीडालाई अन्त्य गर्नका निम्ति गरिने उपचारको सन्दर्भलाई कारुथले अभिघातको अवस्थाका रूपमा चर्चा गरेकी छन् । यसैक्रममा कारुथले अभिघातको ऐतिहासिक अवस्था, वर्तमान स्थिति, त्यस स्थितिका कारण उत्पन्न हुने दुःख, पीडा, निराशा, पतन र मानसिक सन्तुलनसम्मको अवस्थाको वर्णन गरेकी छन् । उनले अभिघातपछिको मानसिक असन्तुलनमा पीडा, संवेदना, अभिघातीय स्नायविक समस्या सिर्जना हुने कुरा बताएकी छन् (सन्, १९९५, पृ. ११) । उनले यसलाई रोगका रूपमा चित्रित गर्दै यसका अवधारणा र प्रकार, यसको उपचारात्मक विधि, हेरचाह र उपचारको निरन्तरताजस्ता पक्षमा पनि चर्चा गरेकी छन् । यस दृष्टिबाट हेर्दा अभिघात मनोवैज्ञानिक समस्या त हुँदै हो तर मान्छेका इच्छा, आकाङ्क्षा र दमनात्मक अवस्थाको अभिव्यक्ति हो भन्ने कुरा सिद्ध हुन्छ । युद्धले मानिसमा शारीरिकसँगै मानसिक आघात पनि सिर्जना गर्दछ । विजयबाट प्राप्त हुने उत्साह र हारबाट उत्पन्न हुने दुःख, पीडा, नैराश्यजस्ता विषय युद्धका विषय हुन् भने विजय र हार दुवै खालका युद्धमा चोटपटक, मानसिक आघात, साथीभाइ गुमाएको पीडाजस्ता विषयहरू चित्रित हुन्छन् । यही युद्ध अभिघातका कुरालाई कारुथले इतिहासका प्रगति र पीडामिश्रित अभिव्यक्तिका रूपमा लिएकी छन् । उनले अभिघातलाई विभिन्न

अनुशासन र ती अनुशासनमा लागु हुने सिद्धान्तका रूपमा व्याख्या गर्दै यो सिद्धान्त साहित्य, शिक्षा, सिनेमा तथा सामाजिक र राजनीतक क्रियाकलापमा लागु हुन्छ भन्ने कुरा प्रस्तुत गरेकी छन् ।

डोमिनिक लाकाप्राले अभिघात अध्ययनलाई राजनीतिक अध्ययनसँग जोड्दै इतिहासमा यसको वैयक्तिक मनोविज्ञानको अवस्थालाई देखाएका छन् । यस क्रममा उनले डेरिडाको विपठन र अर्थको अस्थिरतालाई आधार मानेर व्यक्ति र समाज, राजनीतिक स्वतन्त्रता, उदात्तता, अन्तरऐतिहासिकता, शोक, आघातको बाह्य प्रदर्शन र सामाजिक राजनीतिका कारण सिर्जित समस्याहरूका बारेमा अध्ययन गरेका छन् (सन्, २०१४, पृ. X) । उनले यस पुस्तकमा ऐतिहासिक सन्दर्भबाट नरसंहार (जेनोसाइड), युद्ध, बलात्कार, दमनका विविध रूप र मानिस तथा जनावरमा हुने हिंसाजस्ता कुरालाई अभिघातीय सन्दर्भबाट समेत अध्ययन गरेका छन् । प्रस्तुत अध्ययनमा अभिघातको प्रतिनिधित्वको अध्ययनका लागि औपन्यासिक घटनामा प्रस्तुत भएका विश्वयुद्धकालीन परिवेश, युद्धसँग जोडिएका घटना सन्दर्भका तथ्य, पात्रले बोकेका युद्धका विषयलाई आधार बनाइएको छ भने उपन्यासमा अभिघातको अवस्था र प्रभावको विश्लेषणका लागि पात्रको जटिल मनस्थिति, असामान्य मनोअवस्था तथा व्यवहार र युद्धका कारण आहत बनेको मनोशारीरिक अवस्थाका तथ्यलाई आधार बनाइएको छ ।

## ४. नतिजा र विमर्श

कृष्ण धरावासीको *गेस्टापो* (२०७०) उपन्यासलाई केथी कारुथ, डोमिनिक लाकाप्रा र इर्ने काकान्देसका अभिघातसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा यस उपन्यासमा अभिव्यक्त अभिघातीय प्रतिनिधित्व र अभिघातको अवस्थाको प्रभावलाई तलका उपशीर्षकहरूमा केन्द्रित रहेर निम्नलिखितनुसार विमर्श गरिएको छ :

### ४.१ *गेस्टापो* उपन्यासमा अभिघातीय प्रतिनिधित्व

*गेस्टापो* उपन्यासको सम्पूर्ण कथा हैम्बर्ग नाम गरेको युवकको जीवनानुभूति हो । उसले नै साठी वर्ष पहिलेको जर्मनीको नरसंहारको सम्पूर्ण घटना देखेको थियो र ती घटनाहरूलाई उसले आत्मपरक शैलीमा प्रस्तुत गरेको छ । लेखकले एउटा पुस्तकका माध्यमबाट भेटेको हैम्बर्ग पात्रलाई यहाँ पुनर्स्थापना गरेका छन् र त्यही पात्रको जीवनको अनुभव प्रत्यक्ष रूपमा वर्णन गर्न लगाएका छन् । यसले गर्दा हिटलरले जर्मनीमा गरेको युद्ध र मानवविनाशको प्रत्यक्ष चित्र उपन्यासमा प्रस्तुत भएको छ । उपन्यासको पृष्ठभूमि भागमा आफूसँग यात्रा गरेका व्यक्तिले एउटा उपन्यास लेखकलाई दिएको र त्यही उपन्यासको मूल पात्र हैम्बर्गका अनुभूतिलाई यस उपन्यासमा लेखकले प्रस्तुत गरेको सन्दर्भ छ– "हैम्बर्ग नाम गरेको त्यो युवक बन्दीगृहभित्र गेस्टापोका रूपमा खटिएको रहेछ । उसले बन्दीगृहभित्र हुनेगरेका अत्याचार र जनविनाशको सजीव चित्रण यसरी गरेको छ– "दाइ ! पढ्दै जिउमा काँडा उम्रेर आउँछ । म त्यो किताब भरे ल्याइदिन्छु, दाइलाई यो यात्राभरि बेलुकाको साथी हुन्छ" (पृ. १९) । हिटलरका सेनामा गेस्टापो अर्थात् सैनिक भएर बन्दीगृहभित्र काम गरेको हैम्बर्गले हिटलरको उदय र उसका सम्पूर्ण गतिविधिको निरीक्षण गरेको छ । हैम्बर्गको बाल्यकालीन अवस्थादेखि हिटलरको अन्त्यसम्मका घटनाको प्रत्यक्ष भोक्ता र समाख्याता पात्रका रूपमा ऊ *गेस्टापो* उपन्यासमा आएको छ र उपन्यासको नाम पनि उसैको चरित्रबाट राखिएको छ । उपन्यासको सुरुवात नै लेखकले उपन्यास पढ्न थालेको प्रसङ्गबाट भएको छ । बिस खण्डमा संरचित यस उपन्यासको सुरुमा लेखकले उपन्यास पढ्न थालेको प्रसङ्ग छ र त्यसपछि म पात्र हैमबर्गले आफ्नो कथा भन्न थालेको छ । उपन्यासको पहिलो परिच्छेदको सुरुवात र अरू परिच्छेदको अन्त्यमा लेखकले पढिरहेको उपन्यास र साथीहरूसँग आफूले गरेको जर्मन यात्राको सन्दर्भ छ भने मूल कथाचाहिँ हैम्बर्गले सुनाएको आत्मकथा जस्तोगरी संस्मरणमा प्रस्तुत भएको छ । यसरी युद्धको अनुभवलाई प्रत्यक्ष रूपमा प्रस्तुत गर्न

लेखकले युद्धको भोक्ता पात्रलाई अघिल्लो आख्यानबाट सिधै टिपेर नयाँ आख्यानमा प्रस्तुत गरेको कल्पना गरेका छन् । भोगाइको प्रत्यक्ष अनुभूति प्रस्तुत गर्न र त्यतिबेलाका समाज र मानिसको युद्धको पीडालाई जीवन्त चित्रण गर्न उपन्यासकारले कथा भन्ने स्मृतिमूलक पाटोलाई यहाँ प्रयोग गरेका छन् । यसले गर्दा उपन्यास अझ जीवन्त र युद्धका प्रभावको चित्र स्पष्ट रूपमा आएको छ । त्यहाँका पात्रको मनोदशा र मनस्थितिलाई प्रभावकारी रूपमा चित्रण गर्ने आधार पनि प्राप्त भएको छ ।

उपन्यासको 'पृष्ठभूमि' भागमा लेखक प्रोफेसरको मृतात्मा भएर प्रेसिडेन्टको मूर्तिसँग संवाद गरेको छ र उसले हिटलरको अत्याचार निर्जीव ढुङ्गाले पनि बिर्सन नसक्ने छ भन्दै भयानक र बीभत्स हत्याको वर्णन गरेको छ । लेखकले आत्मालापले बोलेको छ :

> हिटलरले भनेकै भए पनि त्यति कलिला बालकहरूलाई खुट्टामा समातेर मच्चाउँदै बल्दै गरेको आगोको मुस्लोमा कसरी फ्याँक्न सकेको होला । मानिसको शरीर पग्लिएर थुप्रिएको बोसोको झोल ठुलठुला डाडुले उगाएर फेरि आगो दन्काउन त्यसैमाथि कसरी खन्याउन सकेको होला? बुढाबुढीहरूको त्यत्रो अनुभवी चाउरीमुजे शरीरलाई आदर गरेर ढोग्नुपर्नेमा कसरी ग्याँस च्याम्बरमा निसास्सिएर पठाउन सकेको होला ? भर्खरका खाउँखाउँ, लाउँलाउँको उमेरका युवयुवतीलाई त्यस्तो दुर्गति पूर्ण हत्या गर्न ती हात कसरी उठेका होला हँ ? अझ तिनीहरूका ती हातहरूले कसरी सकेका होलान् त्यति राम्रा युवतीहरूका छाला काढेर त्यो छालाबाट झ्यालको पर्दा, टेबल पोस, पर्स र टेबल लेम्पको कभर बनाउन ! प्राध्यापक ! के यो कल्पना गर्न पनि सकिने कुरा हो ? (पृ. १७)

आख्यानकारले आख्यानलाई विश्वसनीय र रोचक बनाउन स्वैरकल्पनाको प्रयोग गरेका छन् । उनले आफू साथीहरूको हुलबाट हराएको, मारिएका सिपाहीका मूर्तिहरूको संवादमा सामेल भएको र राष्ट्रपतिसँग संवाद गरेको, प्राध्यापकको आत्मा आफूमा छिरेकोजस्ता मनोविक्षिप्ततासँग जोडिएका सन्दर्भ र यथार्थभन्दा परको कल्पना गरी युद्धको यथार्थ चित्रण गर्ने कला अँगालेका छन् । युद्धका सबै सन्दर्भ स्मृतिसँग जोडिएका हुनाले यहाँ पात्रका स्मृतिलाई महत्त्व दिइएको छ । यसरी उपन्यासमा चरित्रको प्रतिनिधित्व सशक्त रूपमा भएको छ ।

उपन्यासमा घटनाका तथ्यलाई वस्तुतगत रूपमा प्रस्तुत गरिएको छ । यहाँ आएका पात्र र घटनाहरू सत्य छन् । यहाँ आएका सबैजसो पात्रहरू इतिहासका घटनाबाट प्रस्तुत गरिएका छन् । कतिपय घटना लेखकले अध्ययनका आधारमा प्रस्तुत गरेका हुनाले त्यसको विश्वसनीयताका लागि आख्यानकलाको अनेक ढङ्ग स्वैरकल्पना, स्मृतिकथन, अतीतावलोकनजस्ता पद्धति अँगालिएको छ । हिटलर अगाडिको इतिहासको तथ्यलाई मृत राष्ट्रपतिको मुखबाट प्रस्तुत गरिएको छ । यहाँ भन्ने कला आख्यानमूलक भए पनि यो जर्मनीको इतिहासको तथ्यगत प्रस्तुति हो । उपन्यासमा लेखिएको छ :

> सन् १९२३-२४ को चुनावमा दश लाख मत पाएको नाजी पार्टीले सन् १९३० को आम चुनावमा साठी लाख मत पाइसकेको थियो । अझ झन् १९३२ को राष्ट्रपति निर्वाचनका बेला त एक करोड तिस लाख मत प्राप्त गरिसकेको थियो । दश वर्षभित्र दश लाखबाट एक करोड तिस लाख मत पाउने गरी सङ्गठन गर्ने र जनतामा भिज्न सक्ने नेतृत्व क्षमतालाई ध्यानमा राखी जर्मनीको सुन्दर भविष्यको कल्पना गर्दै उसलाई चान्सलर बनाएको थिएँ । तर मैले उसलाई राम्ररी काम लगाउनै पाइनँ । ऊ चान्सलर भएको वर्षदिन पनि राम्रो नपुग्दै मैले संसार त्याग्नुपऱ्यो । म कालग्रसित भएँ । (पृ. १२)

*गेस्टापो* उपन्यासमा युद्धको सन्दर्भ साम्राज्यवादी नीति तथा देशभित्रै उत्पन्न राजनीतिक अस्थिरता, कमजोर आर्थिक अवस्था तथा राष्ट्रियताका विषयमा आएका

अनेक अप्ठ्यारा परिस्थितिका कारण उत्पन्न भएको छ । पहिलो विश्वयुद्धमा जर्मनीले पश्चिमी राष्ट्रहरूसँग हार बेहोर्नुपरेपछि र त्यस घटनाले जर्मनहरू निकै पराधीन बनेको अनुभूति भएपछि जर्मनीका नागरिकमा गुमेको राष्ट्रियतालाई पुनःस्थापित गर्ने चाहना बढ्न गएको र त्यसैको परिणतिस्वरूप एडोल्फ हिटलरको जन्म भएको सन्दर्भ उपन्यासको 'भूमिका' खण्डमा उल्लेख गरिएको छ । देशमा गरिबी, बेरोजगारी, लुटपाट, हत्या आतङ्क बढेकाले जर्मनहरू निकै असुरक्षित पनि महसुस गरिरहेका थिए साथै त्यहाँका पार्टीहरू आपसमा झगडा गरिरहने र सत्तामा पुग्न अनेक अस्वस्थ क्रियाकलाप गरिरहेका थिए भन्ने कुरालाई उपन्यासमा यसरी सङ्केत गरिएको छ–

> "पहिलो विश्वयुद्धपछि जर्मनीले जुन ढङ्गले पश्चिमी राष्ट्रहरूका अगि घुँडा टेक्नुपर्‍यो र विनाशको सम्पूर्ण क्षतिपूर्ति जर्मनीले नै तिर्नुपर्‍यो । त्यसले हामी युवाहरूमा एकदमै नराम्रो प्रभाव परेको थियो । आफ्नो राष्ट्रको यो हबिगत हामीलाई सह्य थिएन । 'जर्मनीलाई यो पराधीनताबाट अब कहिले, कसरी मुक्त गर्न सकिएला' भन्ने लागिरहेको थियो" (पृ. २०) ।

उपन्यासमा शक्तिशाली राष्ट्रहरूले गरेको दमनको प्रतिरोधी चेतनास्वरूप दोस्रो विश्वयुद्ध सुरु हुन पुगेको सन्दर्भ उल्लेख भएको छ। उपन्यासमा जर्मनीमा राष्ट्रवादी युवाहरूको नेतृत्व गर्दै लेबर्स पार्टीको युवा नेताका रूपमा एडोल्फ हिटलरको जन्म हुन पुगेको सन्दर्भ र उसको आकर्षक व्यक्तित्व र राष्ट्रवादी चेतनाका विषयसँग युवाहरू तानिएको तथ्य आएको छ। हिटलरको राष्ट्रवादी चेतनाले सबै युवालाई जागरुक बनाएको थियो, "उसको आत्मकथा हामी सबैको कथा थियो । एकपल्ट पढेपछि प्रत्येकको दिमागमा एउटा आन्दोलनको बिउ रोप्थ्यो त्यसले" (पृ. २१)। हिटलरको उग्र राष्ट्रवादी सोच पनि युद्धको कारक बनेको देखिन्छ । उसले युवाहरूलाई देशका लागि आन्दोलनमा सहभागी हुन उत्प्रेरित गरेको छ, "जर्मनी हाम्रो धरतीका लागि सोच, आफ्नो लागि पछि सोच्नु" भन्ने हिटलरको देशभक्त कुराले जनताहरू सङ्गठित हुँदै गएको र हिटलरले त्यसलाई पछि गएर जातीय हिंसाका लागि उपयोग गरेको देखिन्छ। सुरुमा सुधारका अनेक पक्ष देखाएका हिटलरका पक्षधरहरू उसका समर्थनमा एकोहोरिएर लागेका छन् । दलहरू अस्तित्वरक्षाका सङ्कटमा पुगेपछि जर्मनीमा हिटलरको सर्चस्व कायम हुँदै गएको छ। पहिलो विश्वयुद्ध समाप्ति ताकाका भर्साइल सन्धिका बुँदाहरू र आन्तरिक रूपमा साम्यवादी अराजकता तथा यहुदी शोषणले गर्दा जर्मनीलाई पछि पारेको भन्ने निष्कर्षमा पुगेको हिटलरले जातीय हिंसाका पक्षमा जनलहर जुटाएर यहुदी जातिको सामूहिक हत्याको कार्य गरेको देखिन्छ, "शोषणको विरोधको नाममा एउटा सिङ्गै जातिमाथि नै सरकारको शक्ति खनिन थाल्यो । आफ्नै देशका जनताविरुद्ध सरकार उत्रियो । यहुदी, कम्युनिस्ट र इसाईहरूमाथि दिनदिनै कठोर हुँदै जान थाल्यो सरकार" (पृ. २१) । हिंसामा उद्धत भएर यहुदीको संहार गरेको हिटलरले जताततै बन्दीगृह बनाएर नागरिकलाई कसरी हत्या गरेको थियो भन्ने प्रसङ्ग उपन्यासमा वर्णित छ । हिटलरले मुसोलिनीसँग मिलेर युरोपभरिका यहुदीमाथि अत्याचार मच्चाएको छ । उसले जर्मनी र जर्मनीबाहिर समेत एक हजारवटा बन्दीगृहहरू बनाई मानवताको दहन गरेको तथ्यलाई उपन्यासमा वर्णन गरिएको छ । हिटलरको आदेशमा उसको पागलपनमा सबै सैनिकहरू पनि क्रूरताको पराकाष्ठामा पुगेको अवस्था उपन्यासमा आएको छ ।

*गेस्टापो* उपन्यासमा युद्धमा सहभागी जर्मन नागरिक छन् । यहाँ मूलतः यहुदीका विरुद्ध हिटलरले चलाएको जातीय संहारको घटना छ । राष्ट्र र जातिको नाउँमा सोही देशका अर्का जातिमाथि गरिएको दमन र हिंसाले युद्धको सिर्जना भएको छ । पहिलो विश्वयुद्धमा हारेपछि जर्मनी पछि परेको परिस्थितिको कारण विश्लेषण गर्दै हिटलरले मुसोलिनसँग मिलेर यहुदीको विनाश गर्न उद्धत भएको संहारकारी घटना यसमा छ । यसमा यहुदी र जर्मनका अन्य नागरिकको लडाइँभन्दा पनि शक्तिमा पुगेको शासकले चलाख मानिएको जातिलाई सखाप पारेर आफ्नो जातिको रक्षा गर्ने स्वार्थी र घातक सोचले युद्ध

बन्न पुगेको छ। यहाँ एकतर्फी रूपमा कमजोर र निहत्था जनतामाथि गरिएको हिंसा र अत्याचारको पीडादायी घटना वर्णित छ । यस वर्णनले युद्धको प्रतिनिधित्वको पक्षलाई उपन्यासको प्रमुख चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ। उक्त प्रस्तुति युद्धअभिघातका पक्षबाट पनि सशक्त रहेको छ।

## ४.२ *गेस्टापो* उपन्यासमा अभिघातको अवस्था र प्रभाव

कृष्ण धरावासीको यात्राअनुभवसँग जोडिएको गेस्टापो उपन्यासको पृष्ठभूमिमा नै लेखकले ग्याँसच्याम्बरको अवलोकनपछि उनको मनमा उत्पन्न अभिघातीय मनोदशालाई चित्रण गरेका छन् । हिटलरले मच्चाएको जनसंहारको कथा सुनेर र जर्मनीमा ती संहार गरिएका ऐतिहासिक स्थलहरूको भ्रमणपछि लेखकको मन पनि भयले आतङ्कित भएको छ । उनको मनोविज्ञान विक्षिप्त भएको छ । उनलाई सपनामा ऐठन भएर आसामान्य अवस्थामा पुगेका छन्। मानवजातिमाथि भएको अत्याचारको अनौठो र भयानक सत्य घटना सुन्दा र तीसँग सम्बन्धित तथ्यहरू हेर्दा मात्र पनि लेखकमा विचलित मनोदशा देखिएको छ । लेखक स्वयम् ग्याँसच्याम्बरमा मारिएका मानिसको आत्माभित्र प्रवेश गरी ती पात्रहरू नै आफू बन्न थालेको कल्पना उपन्यासको पृष्ठभूमि भागमा चित्रण गरिएको छ। लेखकले नागरिक हक र अधिकारको स्वतन्त्रताका लागि बोलेको प्राध्यापकको आत्मा आफूभित्र पसेको र आफूमा त्यो पीडामय अनुभूति आएको अनौठो कल्पना गरेका छन् । यस कल्पनालाई उपन्यासको प्रारम्भतिर यसरी वर्णन गरिएको छ :

> बोल्दाबोल्दै मभित्र अनौठो अनुभूति उदायो । म त ग्याँस च्याम्बरमा घाँटी छिनाएर मारिएको त्यही प्राध्यापक थिएँ जसले हिटलरको धर्मविरोधी नीतिको विरोध गरेको थियो । मैले हिटलरको नाजी नीतिको विरोध गर्दै 'सबै मानिसलाई आ-आफ्नो धर्म र संस्कृतिको पालना गर्ने स्वतन्त्रता हुनुपर्छ' भनेको थिएँ। नाजी सैन्यवादको विरोध गरेको थिएँ। सुरुमा मेरा विरोधलाई सम्बोधन गरिएजस्तो भयो तर जुन ढङ्गले नाजीहरूले रोमन क्याथोलिक चर्चहरू कब्जा गरी ती चर्चहरूलाई नाजी शिक्षाको केन्द्र बनाइएको थियो, त्यसलाई रोकेका थिए। तर चाँडै त्यो अभियान द्रुत गतिले फेरि अघि बढ्यो । विरोधीहरूको माथि निर्ममतापूर्वक प्रस्तुत हुन थालियो । उनीहरूलाई हामी यहुदीमाथि जाइलाग्ने निहुँ मात्र चाहिएको रहेछ। जब एउटा पुलिसले फ्रान्समा कार्यरत जर्मन दूतावासको कर्मचारीको हत्या गऱ्यो, हिटलरलाई त्यो सबैभन्दा ताजा न्युज भएछ। त्यसपछि उसले जर्मन यहुदीहरूको कत्लेआम सुरु गऱ्यो । एकदिन मलाई पनि सेनाहरूले पक्रेर त्यही भिडमा ल्याएका थिए।
>
> मलाई अचम्म लागिरहेको थियो। म कृष्ण धराबासी, नेपालबाट भ्रमणका लागि आएको र ओरानियनवर्गको कन्सन्ट्रेसन क्याम्पभित्र साथीहरूबाट बिछोडिएको भन्ने ज्ञानसँगै अर्को अपरिचित प्राध्यपकको मनपनि मैभित्र जागृत भइरहेको थियो। कुनै बेला म कुनैबेला उ भइरहेको थिएँ। प्राध्यापक 'म'ले सुतिरहेको बेला पर्यटक 'म' मौन श्रोता बन्थेँ। पर्यटक सचेत भएका बेला प्राध्यापक मौन हुन्थेँ। अनौठो अवस्थामा थिएँ म। (पृ. १५)

उपन्यासमा त्यतिबेलाको समयको प्रत्यक्ष भोक्ता पात्रको स्थिति कस्तो थियो भन्ने कुराको सङ्केत गर्नका लागि लेखकले यस्तो कल्पना गर्न पुगेका छन् । युद्धले निम्त्याएको जातीय विनाश र हजारौं यहुदीहरूको सामूहिक हत्याको सत्य घटनालाई सुनेका र पुस्तकमा पढ्न पुगेका लेखकले ती मानिसहरूको मृतात्मा आफू घुमिरहेको जर्मनी र बसेको कोठामा आएको कल्पना गर्दा गर्दै लेखक पनि लगभग बिरामी परेका छन्। उनी मानसिक रूपमा अति भयपूर्ण स्थितिमा पुगेका छन् भने त्यही भयले गर्दा उनमा शारीरिक समस्या पनि देखिएको छ। उनलाई पेट दुख्ने, पेट गडबढी भइरहने स्थिति भएको छ । मनमा रहेको अशान्तिले उनमा यस्तो समस्या देखिनु अभिघातको लक्षण हो । उनलाई जर्मनी तिनै मृतात्माहरूको देश

लागिरहेको छ । जर्मनीमा पुग्नेबित्तिकै लेखकलाई दोस्रो विश्वयुद्धताका यहुदीको नरसंहारको दृश्य मनभरि आउन थालेको छ । उनले लेखेका छन्–

"जब त्यो मूल गेटभित्र पस्यौँ, 'अब यहाँभित्र केके देख्नुपर्ने हो' भन्ने लागिरहेको थियो । सोचेजस्तो खासै केही त देखिएन तर त्यो परिसर नै लाखौँ मृतात्माहरूको सहर हो भन्ने लागिरह्यो मनमा र घरीघरी लागिरहन्थ्यो– उनीहरू यही वायुमण्डलमा रुँदै घुमिरहेका होलान् (पृ. १८-१९) ।

लेखकमा यस्ता अनेक तरहका कल्पना आउनु र उनको मनस्थिति सही ठाउँमा नहुनु युद्ध अभिघातको प्रभाव हो । यहाँ लेखक युद्धको भोक्ता परिवेशमा नरहे पनि त्यहाँको क्रूर निर्मम घटनाको ज्ञान तथा तथ्यहरूको अवलोकनपछि उनको मन विक्षिप्त हुन पुगेको हो । उपन्यासको सुरुवातमा लेखकमा उत्पन्न भएको यो भयानक अवस्थाको सङ्केतले उपन्यासभित्रको घटना, कथा र पात्रको अवस्थालाई सङ्केत गरेको छ ।

उपन्यासको समाख्याता पात्र हैम्बर्ग सानैमा आफन्तबाट बिछोडिएको छ। आफ्नो जातीय पहिचानसमेत नभएको ऊ हजुरआमा र बहिनीको आत्मीयताबाट सानैमा टाढिएर पढाइ र कामको खोजीमा हिँडेको हुन्छ । ऊ आफू कुन जातिको हो भन्ने पनि उसलाई स्पष्ट भएको छैन । पहिलो विश्वयुद्धबाट तहसनसह भएको जर्मनीको अस्तव्यस्त आर्थिक अवस्था र बेरोजगारीका कारण डामाडोल हुँदै गएको सामाजिक पारिवारिक सम्बन्धलाई चिनाउन हैम्बर्गको जीवनले सहयोग गर्छ । सानैदेखि अभाव र दुःखमा हुर्किएको उसलाई हिटलरको चर्को राष्ट्रवादी नाराले तानेको छ। हिटलरको अभियानमा सधैँ सँगै रहेर पनि समाजका यहुदी समुहसँग पनि नजिक रहेको ऊ उपन्यासमा निकै संयमी र सन्तुलित चरित्र हो । तर उसमा पनि दुःख र भयानक समस्याहरूले जीवनलाई दुःखकै भुमरीमा ठेल्न खोजेको देखिन्छ । दान्का र मान्कीजस्ता साथीहरू भेटेर संरक्षण पाउँदा पनि ऊ हिटलरको नाजी पार्टीमा सहभागी भएको छ। आफूलाई सुरक्षित स्थानतिर लानुको सट्टा उसले हिटलरको जातीय हिंसाको दृष्टिकोण मन नपरे पनि हिटलरकै समर्थक बनेर गोप्य रूपमा गेस्टापो बनिरहनु उसमा रहेको मृत्युन्मुख चेतना हो ।

उपन्यासमा हिटलर केन्द्रीय चरित्र हो। उसैको हिंसात्मक चरित्रलाई चिनाउन *गेस्टापो* उपन्यास लेखिएको छ । उसले गरेको जातीय नरसंहार विश्व मानवसमाजमा सबैभन्दा डरलाग्दो र कलङ्कित विषय बनेको छ। उसको परपीडक र स्वपीडक चरित्र उपन्यासमा पाइन्छ । अति महत्त्वाकाङ्क्षाका कारण उसमा उग्र व्यक्तित्वको विकास भएको छ । जर्मनीका यहुदी, क्याथोलिक र कम्युनिस्टको विरुद्ध उठेको उसले जर्मनको आर्यपनामा मात्र विश्वास गरी अरू विरोधीहरूलाई सखाप पार्ने उद्देश्य लिनु उसको व्यक्तित्वको सबैभन्दा ठुलो हिंस्रक पक्ष हो । हिटलरकै सनकमा साठी हजार मानिस मारिनु र जर्मनीको स्थिति नाजुक हुनु उपन्यासमा सबैभन्दा चिन्ताजनक विषय बनेको छ। हिटलरको आततायी र परपीडक व्यक्तित्वको विकास पनि पहिलो विश्वयुद्धको अभिघातको कारणले भएको देखिन्छ । पहिलो विश्वयुद्धमा भएको जर्मनीको हार र देशले शक्तिशाली पक्षलाई तिर्नुपर्ने हर्जनाका कारण हिटलरको प्रतिशोधी भावना पलाएको छ। यसैगरी उपन्यासका मान्की, दान्का, हिमलर, बोरिस, मान्कीको प्रेमी उलरिख, पत्रकार हेलेन, हैम्बर्गकी हजुरआमा, बहिनी, खैरा सिपाहीहरू (नाजी सिपाही), जर्मनीका अन्य मानिसहरू युद्धको आहतमा परेका छन् । यी सबैजसो पात्रहरूमा केही न केही असामान्यताहरू देखिन्छन् । मान्की आफ्नो प्रेमी गुमाएपछि एकोहोरो भएकी छ र उसले कयौँ दिन नखाई बसेकी छ । उसमा झोक्किने र शङ्का गर्ने बानीको विकास भएको छ।

युद्धको असरले सधैँ असुरक्षित महसुस गरिरहेकी यहुदी जातिकी मान्कीलाई उसकै प्रेमी उलरिखले यहुदी भएकामा बारम्बार अपमान गरेको छ । प्रेमीको असहज व्यवहार र उसले हिटलरलाई गरेको सहयोगप्रति असन्तुष्ट भएकी ऊ सधैँ तनावमा देखिन्छे। उसको झर्किने स्वभाव,

रोएर अन्धकारमा बस्ने, सुतिरहने, कसैलाई विश्वास नगर्ने स्वभाव आदि युद्धका कारण जन्मिएका अभिघातका परिणाम हुन् । यसैगरी उसको प्रेमी उलरिखले मान्कीलाई माया गर्दागर्दै पनि एकाएक उसलाई यहुदी भएकामा दुर्व्यवहार गर्नु, अपमानजनक भाषा बोल्नु, फेरि माफी माग्नु र फेरि दुर्व्यवहार गर्नुजस्ता अस्थिर र असामान्य व्यवहारहरू युद्धका कारण देखिएका हुन् । उलरिखले मान्कीलाई प्रेम गरेको छ साथै हिटलरको सुरक्षागार्ड भएर काम पनि गरेको छ। यहुदी प्रेमिका हुनु र हिटलरका पार्टीमा रहनुको विपरीत अवस्थाले उसमा द्वन्द्व उत्पन्न भएको छ र त्यस द्वन्द्वले उसलाई मृत्युका मुखमा पुऱ्याएको छ । "उसको प्रेमी उलरिख हिटलरलाई बचाउने भएर थुप्रै गोली खाएर आफै मरेछ" (पृ. १५७) । दान्काको यस सूचनाबाट हैम्बर्गले मान्कीको अवस्थाका बारेमा थाहा पाउँछ । मान्की बारम्बार आफ्नो प्रेमीबाट अपमानित भएकी छ । उलरिखको असामान्य व्यवहार उसले मान्कीलाई भनेका कुराबाट अनुमान लगाउन सकिन्छ, "म एउटा महान् जर्मन हुँ । मेरो शरीरमा पवित्र आर्यको रगत छ । म यहुदीजस्तो घिनलाग्दो वंशमा जन्मेको होइन । म तँसँग बिहे गरेर मेरो सन्तानको रगत बिटुल्याउन चाहन्नँ । म महान् हिटलरको जर्मनमुक्ति अभियानमा छु। मलाई घृणा छ यहुदीहरूमाथि" (पृ. १५६) । लामो समयसम्म प्रेम गरेको र आफूले अत्यन्त विश्वास गरेको प्रेमीले भनेका यस्ता अपमानजनक व्यहारले मान्कीमा आघात परेको छ र उलरिख पनि हिटलरको जातीय हिंसाको दबाबमा परेर अमानवीय बन्न पुगेको तथ्य यसबाट पुष्टि भएको छ । यसैले गर्दा उलरीखमा रिसाउने, झोक्किने, घुरेर हेर्नेजस्ता अनौठा व्यवहारहरू विकसित भएका छन् । उसमा आत्मीयताका ठाउँमा आवेशहरू देखिएका छन् । "एक दिन एकदम पागलझैं चिच्याउँदै त्यसले भन्यो रे, "तँ यहुदी होस् ? तँ चलाख र घमण्डी छेस् ! तेरा बाबुबाजे सबै यो देशका शत्रु हुन् । म तँलाई घृणा गर्छु, घृणा !" (पृ. १५६) । उलखिरको मान्कीप्रतिको यस व्यवहारले ऊ असामान्य अवस्थामा पुगेको र आवेशपूर्ण हुन पुगेको पुष्टि गर्दछ । जीवनलाई सहज रूपमा सन्तुलित पार्न नसक्ने भएपछि उसले हिटलरलाई लाग्न थालेको गोली आफ्नो छातीमा थापेको छ । अभिघातकै कारण उसले मृत्यु रोजेको छ । त्यसैगरी समाचारको विश्लेषणले पनि जर्मनीमा धेरै मानिसमा निराशा आएको र कयौँ मानिसले आत्महत्या गरेको सन्दर्भ यसरी आएको छ । उपन्यासमा पत्रकार हेलेनको पङ्क्तिलाई उद्धृत गरिएको छ :

> युद्धको समाप्तिपछि जर्मनीमा आएको निराशाले कयौँ मानिसहरूले आत्महत्या गरे । परिवारका परिवार नै विस्थापित भए । अनाथ र महिलाहरूको स्थिति अहिले पनि उस्तै दयनीय छ । अझ जर्मन मुद्रामा आएको अकल्पनीय अवमूल्यनले गर्दा बजार क्रयशक्तिबाट अत्यन्त टाढा पुगिसकेको छ । जर्मनीमा मान्छेले दुःख पाउनु वा मर्नु भनेको सास फेर्नुजत्तिकै स्वाभाविक भएको छ । सरकारको लाचारीका अगि विश्वमै जर्मन जनता भिखारीको अवस्थामा छन् । जुन ढङ्गले आज देशमा निराशा छाएको छ, त्यसबाट बाहिर निस्किन नसके यो देश चाँडै निर्जन हुन पुग्ने देखिन्छ । (पृ. १५७-१५८)

*गेस्टापो* उपन्यासमा एडोल्फ हिटलरको अहं नै युद्धको कारक रहेको छ । उसले यहुदी जातिका कारण जर्मनीलाई घाटा भएको र यहुदी जर्मनीका नभएका हुनाले तिनको विनाश नै जर्मनीको बचाउको उपाय हो भन्ने सोच निकालेर युरोपभरिका यहुदीहरूलाई मारेको छ । जातीय महाविनाशको यो कथा हिटलरको नेतृत्व सनकको उपज हो। आफू शक्तिशाली बन्न र आफ्नो शक्ति संसारलाई देखाउन उसले मानवजातिको यति डरलाग्दो विनाश गरेको हो । सामूहिक रूपमा जातीय नरसंहार गरिएको यो घटना मानवसभ्यताको इतिहासमा कलङ्क बन्न पुगेको छ। मानवताको विनाशबाट आफ्नो अस्तित्व रक्षा भएको देख्ने हिटलरको सनक र महत्त्वाकाङ्क्षाले युरोपका अति बुद्धिमान् मानिएका जाति यहुदीको विनाश भएको छ । यहुदीका पक्षमा बोल्ने र शासकले गरेको अत्याचारको विरोध गर्नेहरू यस युद्धमा मारिएका छन् । जातीय विनाशको यो डरलाग्दो घटनापछि नै जीवनप्रति

निराशा फैलिएको देखिन्छ । दोस्रो विश्वयुद्धको सुरुवाती समयको हिटलरको दमन र यहुदी जातिको नाश एकाएक शून्यबाट उत्पत्ति भएकोचाहिँ होइन । जर्मनीलाई हराएर जर्मनीलाई हर्जना तिराउने पहिलो विश्वयुद्ध र त्यसमा भएको सन्धिका कारण नै हिटलरको जन्म भएको देखिन्छ। यसरी हेर्दा जातीय विनाशको मूल कारक साम्राज्यवादी नीति नै रहेको देखिन्छ । शक्तिशाली राष्ट्रले कमजोरलाई हेप्ने र आफ्नो शक्ति स्थापना गरेर शासन गर्ने शासकीय दमनको दम्भले यहाँ काम गरेको छ । जर्मनीमा हिटलरको गिरफ्तारीपछि अदालतमा उसले दिएको बयानमा पनि उसको शासकीय दम्भ र शक्तिराष्ट्रको साम्राज्यवादी नीतिको कारण उसमा पलाएको उग्र राष्ट्रवादको महत्त्वाकाङ्क्षा पाइन्छ । हिटलरको गिरफ्तारीपछि आफ्नो सफाइका लागि उसले अदालतमा बोलेका केही अभिव्यक्ति यस्ता छन् :

> मैले जेजे गरेँ, ती सबै सोचविचार गरेरै सचेततापूर्वक गरेको हुँ । यो देशको प्रचलित कानुनले मेरो त्यो कार्यको के परिभाषा गर्छ, मलाई कुनै मतलब छैन । मैले जे गरेँ, देश र जनताको लागि गरेको हुँ । म सम्पूर्ण विश्वलाई भन्न चाहन्छु– जर्मनी जिउँदा मान्छेहरूको देश हो, मरेका लास वा पुतलाहरूको आँगन होइन । (पृ. १६५)

> म राष्ट्रवादी जर्मन नागरिक हुँ । मेरा लागि जर्मनीबाहेक संसारमा अरू कुनै कुरा प्रिय छैन । जुन कारणलाई अपराधको सिद्धान्तले परिभाषित गर्दै मलाई यो अदालतमा उभ्याइएको छ, ती कारणका प्रमुख उत्पादकहरूलाई खोइ सोधिएको कि किन हुनेहरूले जर्मनीमाथि यस्तो अत्याचार गरिरहेका छन्। किन उनीहरू आफ्नै पिसाबको चिसोले ढाडिएका बालक झैं चुपचाप छन् ? के डेमोक्रेसीको अर्थ लाचारीको अभ्यास हो ? के सत्ताको ढुकुटीमा कोही ढाँगी टाठाबाठाहरूले थुतुनो गाडिरहुन् र अरूले तिनको तमासा हेरून्; त्यसो गर्नका लागि हामी जनताले भोट दिइरहनु ? म जुन गौरवसाथ यी आरोपहरू स्वीकार गरिरहेको छु, के तिनीहरू त्यत्तिकै साहसका साथ आफ्नो लाचारी स्वीकार गर्छन् ? आफ्नो घिनलाग्दो अदूरदर्शी कदमप्रति घृणा गर्न सक्छन् ? म सारा संसारले सुन्नेगरी सबैभन्दा ठूलो स्वरले भन्छु– मैले र मेरो निर्देशन तथा मेरो पार्टीको ब्यानरबाट भए गरेका सम्पूर्ण कामहरूको म जिम्मा लिन्छु तर ती कामहरू अपराधपूर्ण थिए भनेर होइन । (पृ. १६५–१६६)

जर्मनीको अस्तित्वको लागि लडेको हिटलरको हठ र दम्भ पहिलो विश्वयुद्धका कारण जन्मिएको हो । जर्मनीको पतन र देशमा रहेको राजनीतिक अस्थिरताबाट देशलाई जोगाउन उसले फरक सोच र दृष्टिकोणमा काम गरेको छ । यसमा उसको जातीय हिंसाको अहङ्कारी सोच हाबी भएको छ । जर्मनीलाई भर्साइल सन्धिमा गिराइएको, वर्षैपिच्छे ठुलो हर्जाना तिर्न बाध्य पारिएको तथा एक लाखभन्दा बढी सेना राख्न नपाउने नियम बनाइएको अन्यायी नीतिका विरुद्ध उसले आवाज उठाएको छ । जर्मनीका डेमोक्रेटिक रिपब्लिकनका विरुद्ध जाँदा हिटलर यहुदी जातिको विरुद्ध पुगेको छ । आफ्नै पार्टीमा रहेका बुद्धिजीवीलाई समेत उसको समूहले हत्या गरेको छ । उसको तानशाही नीतिका विरुद्ध आवाज उठाउने जोकोहीलाई उसले षडयन्त्रपूर्वक मारेको तथ्य हैम्बर्ग र मान्कीको संवादमा यसरी खुलेको छ - "उसले मलाई अगिदेखि नजिकैको टेबलमा रहेको डायरी टिपेर दिँदै भनी - "यदि तिम्रो हिटलर असल मान्छे थियो भने आफ्नै साथीहरूलाई किन मराउँथ्यो । त्यसले संसारमा कसैलाई पनि माया गर्दैन । हेर, एक दिन त्यसले आफैलाई पनि सिद्धयाउन बेर लाउँदैन" (पृ. १६९) । हिटलरका सेनामा गेस्टापो भएर काम गरेको हैम्बर्ग आफू यहुदी र जर्मन को हुँ भन्नेसम्मको ज्ञान नभए पनि यहुदी परिवारमा हुर्किएको र यहुदी जातका मान्की र दान्काको सङ्गत र संरक्षणमा रहेको छ। मान्कीले हैम्बर्गलाई भाइको व्यवहार गरेकी छ र उसको रहस्य खुलेका दिन उनीहरूका बिचमा हिटलरको आतङ्कारी नीति र व्यवहारलाई लिएर लामो विवाद भएको छ । मान्की र दान्का यहुदी मूलका भएका

कारण हिटलरलाई घृणा गर्छन् । आफ्नो जातिका विरुद्ध मार्ने नीति लिएर राष्ट्रवादको नाराले देखावटी नेता बनेको हिटलर जातीय कुरा गर्ने र मानिसमानिस बिच घृणाको विषवृक्ष रोप्ने घृणित व्यक्ति भएको र नाजी पार्टी कुनै राजनीतिक सङ्गठन नभएर आतङ्ककारी भएको तर्क मान्कीले गरेकी छ ।

## ५. निष्कर्ष

कृष्ण धराबासीको *गेस्टापो* उपन्यासमा कमजोर र निहत्था जनतामाथि गरिएको हिंसा र अत्याचारको पीडादायी घटना वर्णित छ र यस उपन्यासमा दोस्रो विश्वयुद्धको विषयमा केन्द्रित युद्धका भयानक वर्णनबाट अभिघातका अनेक सन्दर्भ समेटिएको छ । उपन्यासमा युद्धको प्रतिनिधित्वको पक्षलाई प्रमुख चरित्रका माध्यमबाट प्रस्तुत गरी *गेस्टापो* उपन्यासमा युद्धको सन्दर्भ साम्राज्यवादी नीति तथा देशभित्रै उत्पन्न राजनीतिक अस्थिरता, कमजोर आर्थिक अवस्था तथा राष्ट्रियताका विषयमा आएका अनेक अप्ठ्यारा परिस्थितिका कारण उत्पन्न भएको कुरा देखाइएकोछ । यस उपन्यासमा हिटलरको जातीय हिंसाको अहङ्कारी सोच हाबी भएको छ । जर्मनीलाई भर्साइल सन्धिमा गिराइएको, वर्षैपिच्छे ठुलो हर्जाना तिर्न बाध्य पारिएको तथा एक लाखभन्दा बढी सेना राख्न नपाउने नियम बनाइएको अन्यायी नीतिका विरुद्ध उसले आवाज उठाएको तथ्य एकातिर छ भने अर्कातिर अत्यधिक राष्ट्रमोहको आवरणमा जातीय हिंसासँगै भएको नरसंहारका कारण उत्पन्न अकल्पनीय घटनाले जर्मन तथा युरोपका नागरिकमा बढ्दै गएको अभिघातीत मनस्थितिको चित्रण छ । उपन्यासमा मानवसमाजमा भएको यस्तो बर्बर र भयानक घटनाका तथ्यले उपन्यासको पाठकसमेत अभिघातको पीडामा एकोहोरिन पुगेको र जर्मनीका डेमोक्रेटिक रिपब्लिकनका विरुद्ध जाँदा हिटलर यहुदी जातिको विरुद्ध पुगेको छ भन्ने कुरा बुझाउँदै मानव समुदायमा भएको भयानक घटना अभिव्यञ्जित छ । *गेस्टापो* उपन्यासमा युद्धका कारण सिर्जित अभिघातका अनेक पक्षको चित्रणका साथै शक्तिशाली राष्ट्रको अहम्का रूपमा विकसित हुँदै युद्धको रूप लिएको जातीय हिंसा र संहारले मानिसमा दीर्घकालीन रूपमा पारेका पीडाको चित्रण छ । हिटलरको लहड र अहम्मा जर्मनले आफूलाई शुद्ध आर्यका तहमा राखी यहुदीप्रति गरेको दमन र संहारबाट समाजमा विकसित भएको अभिघातका अनेक रूप उपन्यासमा चित्रित छन् । युद्धमा हुने आततायी र बर्बर हिंसाले युवा, महिला, बालबालिका, वृद्धका साथै समाजका हरेक पक्षमाथि पारेको गहन चोट यस उपन्यासले देखाएको छ । युद्धले सामाजिक, सांस्कृतिक तहमा निर्माण गरेको चोटको सघनता अझ दीर्घकालीन हुने र यसले सधैँ मानिसको सभ्यतालाई चोटग्रस्त बनाएको तथ्य उपन्यासमा भेटिएको छ । युद्धका कारण नारी, प्रकृति तथा वायुमण्डयलको विनाश र त्यसको अभिघातले समाजका अनेक तहमा पार्ने असरको डरलाग्दो रूप पनि उपन्यासमा देखाइएको छ । युद्धको भयावह चोट र यसले निर्माण गरेको निराशाको चित्रणमा *गेस्टापो* उपन्यासको अभिघातीय पक्ष केन्द्रित छ ।

समग्रमा *गेस्टापो* उपन्यासमा हिंसापूर्ण घटना मानवीय दृष्टिकोणले अमानवीय र बर्बर हो भन्ने भावका साथै अभिघातको वर्णनले पाठकको मानसिक भावलाई उद्वेलित पार्ने क्षमता रहेको दृष्टिकोण पाइन्छ । सफल अभिघात साहित्यले प्रयुक्त घटना र पात्रहरूको टिप्पणी गर्दा पाठक द्रवित बनेको हुनुपर्छ भन्ने मान्यताबाट हेर्दा यो उपन्यास सफल रहेको छ । उपन्यासको पठनमा पाठकले पात्रले भोगेको पीडा, यातना, अन्याय र असह्य घटना कुनै दिन आफूमाथि पनि पर्न सक्छ भन्ने भयपूर्ण सोचसमेत उत्पन्न गराउने क्षमता राखेको पाइन्छ । उपन्यासका पीडित पात्रमा उत्पन्न आतङ्कित अवस्था, त्रस्त र भयभित अवस्थाका कारणले पाठकमा मानसिक सन्ताप उत्पन्न हुन्छ र उसको मस्तिष्कका तन्तुहरू आघात भई एकोहोरो अवस्थामा पुग्छन्, यसले गर्दा हिंसा, अपराध, अन्याय, दमनजस्ता अमानवीय प्रवृत्तिप्रति पाठकमा क्षोभ र घृणा उत्पन्न गराउने सामर्थ्य *गेस्टापो* उपन्यासमा देखिन्छ । जातीय नरसंहार गरिएको घटनामा केन्द्रित यस

उपन्यासको विषय मानवसभ्यताको इतिहासमा कलङ्क बन्न पुगेको र मानवताको विनाशबाट आफ्नो अस्तित्व रक्षा भएको देख्ने हिटलरको सनक र महत्त्वाकाङ्क्षाले युरोपका अतिबुद्धिमान् मानिएका जाति यहुदीको भयानक विनाश भएको पक्ष यसमा चित्रित छ । यहुदीका पक्षमा बोल्ने र शासकले गरेको अत्याचारको विरोध गर्नेहरू यस युद्धमा मारिएका छन् । जातीय विनाशको यो डरलाग्दो घटनापछि नै जीवनप्रति निराशा फैलिएको देखिन्छ । यस पक्षको प्रस्तुतिले पनि *गेस्टापो* उपन्यासमा सघन रूपमा अधिघातका पक्ष समेटिएका छन् । युद्धका कारण मानवजीवनले सधैं अभिघातको पीडा सहनुपर्छ भन्ने कुरा देखाउनु नै यस अध्ययनको प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


गिरी, शान्तिमाया, (२०७५), *आधुनिक नेपाली कथामा अभिघात (२०५०-२०७०)*, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

धरावासी, कृष्ण, (२०७०), *गेस्टापो*, काठमाडौँ : पैरवी बुक हाउस ।

भट्टराई, गोविन्दराज, (२०६४), *उत्तरआधुनिक विमर्श*, काठमाडौँ : मोर्डन बुक्स ।

Caruth, Cathy (Edt. 1995), *Trauma Explorations in Memory*, Baltimore: Johns Hopkins University Press.

*Experience and Narrative in Europe after World War II*. (Edt. Ville Kivimaki and Peter leese).

Harman, Chris, (2008), *People's History of the World*, Delhi: Orient Blackswan.

Haubrich, William S., (2003), *A Glossary of Word Origins*, Second Edition, Philadelphia: American Collage of Physicians.

Kacandes, Irene, (2005), Trauma Theory. *Routledge Encyclopedia of Narrative Theory* (Edt. David Herman, Manfred Jahn and Marie-Laure Ryan), London and New York : Routledge.

Luckhurst, Roger, ( 2006), Mixing memory and desire : psychoanalysis, psychology and trauma theory.

*Literary Theory and Criticism* (Ed. Patricia Waugh), Oxford : Oxford University Press.

LaCapra, Dominick, (2014). *Writing History, Writing Trauma.* Baltimore: The Johns Hopkins University Press.

Leese, Peter, (2022), The Limits of Trauma: Experience and Narrative in Europe c. 1945. *Trauma.*